# सरावल गाँउपालिका

## नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः२ | मंसिर महिना २ गते, २०८० |

## भाग २

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ बमोजिम सरावल गाउपालिकाको गाउँसभाले बनाएको देहाय बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**२०८० सालको मापदण्ड संख्या १**

**मापदण्डको नामः मध्यम (ग र घ वर्ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन मापदण्ड, २०८०**

सरावल गाउँपालिका

# मध्यम (ग र घ वर्ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन मापदण्ड, २०८०

स्वीकृत मिति २०८०/०७/२०
प्रमाणिकरण मितिः- २०८०/०८/०१
प्रकाशित मितिः२०८०/०८/०२

## १. पृष्ठभुमिः-

विकासको मुल प्रवाहमा आउन नसकेका अति विपन्न तथा स्रोतमा पहुच नपुगेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, आदिवासी/जनजाती, सिमान्तकृत वर्ग, पिछडा वर्ग, दलित, मुस्लिम समुदायको जिवन स्तरमा सुधार ल्याउने अभिप्रायले लक्षित वर्ग उत्थान, सशक्तिकरण एवं सामाजिक समावेशिकरण कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको छ ।अपाङ्गता भएका व्यक्तिहरुलाई विकासका हरेक क्रियाकलापहरुमा समाहित गर्दै उनीहरुको सम्मान पुर्वक बाच्न पाउने अधिकारलाई सुनिश्चित गर्न विभिन्न गतिविधीहरु संचालन गर्दै आएको छ । राज्यले पुर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्ग भएका व्यक्तिहरुलाई स्वास्थ्य सेवाका साथै मासिक रुपमा सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्दै आएको छ । यस्तो सुविधाबाट हाल सम्म बन्चित रहेका सरावल गाउँपालिका भित्रका सबै वडामा रहेका मध्यम (ग र घ वर्ग) अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य बिमा गर्ने कार्यक्रमलाई महत्वका साथ अगाडी बढाउन र कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले मध्यम (ग र घ वर्ग) अपाङ्गताको परिचय पत्र प्राप्त व्यक्ति एवं परिवारका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम संचालन मापदण्ड, २०८० तयार गरिएको छ ।

सरावल गाउँपालिका

## २. उद्धेश्यः-

२.१ मध्यम वर्गको अपाङ्गता भएका व्यक्ति लगायत परिवारका ५ जना सदस्य सम्म निःशुल्क स्वास्थ्य बिमाको सुनिश्चितता भएको हुने ।

२.२ मध्यम वर्गको अपाङ्गता भएका व्यक्ति एवं निजका परिवारका सदस्यहरुलाई सामाजिक सुरक्षाको प्रत्याभुती गराउने ।

२.३ मध्यम वर्गको अपाङ्गता भएका व्यक्तिहरुको आत्म सम्मानमा वृद्धि तथा सहज स्वास्थ्य उपचार पाउने अधिकारको सुनिश्चित गर्ने ।

## ३. आधारहरुः-

३.१ स्वास्थ्य बिमा सुविधा लिनका लागि गा.पा.ले प्रदान गरेको मध्यम वर्गको अपाङ्गताको परिचय पत्र प्राप्त गरेको व्यक्ति हुनु पर्ने ।

३.२ साविक महिला तथा बालबालिका कार्यालयबाट लिइएको परिचय पत्र भएमा सरावल गा.पा. को महिला बालबालिका तथा समाजकल्याण शाखामा जम्मा गरि गा.पा. बाट जारी गरिएको परिचयपत्र लिनु पर्ने ।

## ४. प्रकृया

४.१ मध्यम वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य बिमा सेवाका बारेमा निवेदन पेश गर्न स्थानिय पत्रपत्रिका एवं एफ एम रेडियोहरु मार्फत प्रचार प्रसार गराईने छ ।

४.२ गाउँपालिकाको क्षेत्र भित्र स्थायी बसोबास गर्ने मध्यम वर्गको अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो परिवारका कम्तिमा ५ जनासम्म परिवारका सदस्यको स्वास्थ्य बिमाका लागि सम्बन्धित वडाका बिमा परिचालक मार्फत बिमा गरेको रसिद, परिवारको नामावली साथै अपाङ्गता परिचयपत्रको प्रतिलिपी समेत राखि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने ।

४.३ सम्बन्धित वडा कार्यालयमा बिमा परिचालकले बिमितका निवेदन संकलन गरि वडाको सिफारिस सहित गाउँपालिकाको महिला, बालबालिका तथा समाजकल्याण शाखामा पठाउनु पर्ने छ ।

सरावल गाउँपालिका

## ५. विविध

मध्यम वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गर्ने व्यक्तिले सरकारी /अर्धसरकारी एवं शिक्षण संस्थामा कार्यरत रहि मासिक पारिश्रमिक/पेन्सन सुविधा प्राप्त गरिरहेकाको हकमा यो सुविधा उपलब्ध गराईने छैन ।

**आज्ञाले**
**विशाल मिश्रा**
**प्रमुख प्रशासकीय अधिकृत**

सरावल गाँउपालिका